# स्थानीय राजपत्र

**मायादेवी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः९** **संख्याः३** **२०८३ असार ३१ गते**


# भाग १

**मायादेवी गाउँपालिका**

## गाउँकार्यापालिकाको कार्यालय

**बरेवा - रुपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँसभालेले बनाएको तल लेखिए बमोजिमको ऐन उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# मायादेवी गाउँपालिकाको बालबालिका सम्बन्धी ऐन, २०८३

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०३/०८**

**गाउँसभाबाट स्विकृत मितिः२०८३/०३/११**

**प्रमाणिकरण मितिः२०८३/०३/३१**

प्रस्तावनाः

नेपालको संविधानले प्रत्याभूत गरेको बालअधिकारको संरक्षण, संवर्द्धन तथा परिपूर्ति गर्न, बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न, बाल संरक्षण प्रणालीलाई संस्थागत गर्न तथा बालबालिकामाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, उपेक्षा, बेचबिखन, ओसारपसार, बालविवाह तथा बालश्रम अन्त्य गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम मायादेवी गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद—१
## प्रारम्भिक

**दफा १. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "**मायादेवी गाउँपालिका बालबालिका सम्बन्धी ऐन, २०८३**" रहेको छ।

(२) यो ऐन गाउँसभाबाट पारित भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**दफा २. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा—

(क) "**बालबालिका**" भन्नाले अठार वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनुपर्छ।

(ख) "**गाउँपालिका**" भन्नाले मायादेवी गाउँपालिका सम्झनुपर्छ।

(ग) "**बाल अधिकार**" भन्नाले संविधान, प्रचलित कानून तथा अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त बालअधिकार सम्झनुपर्छ।

(घ) "**बाल संरक्षण**" भन्नाले बालबालिकालाई सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार, उपेक्षा र जोखिमबाट सुरक्षित राख्ने कार्य सम्झनुपर्छ।

(ङ) "**बाल क्लब**" भन्नाले बालबालिकाद्वारा सञ्चालित संगठन सम्झनुपर्छ।

(च) "**जोखिममा रहेको बालबालिका**" भन्नाले संरक्षणको विशेष आवश्यकता भएको बालबालिका सम्झनुपर्छ।

(छ) "**समिति**" भन्नाले यस ऐन बमोजिम गठन भएको स्थानीय बाल अधिकार समिति सम्झनुपर्छ।

## परिच्छेद—२
## बालबालिकाका अधिकार

**दफा ३. जीवन र अस्तित्वको अधिकार**

प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न, विकास गर्न र सुरक्षित वातावरणमा हुर्किन पाउने अधिकार हुनेछ।

**दफा ४. नाम, पहिचान र जन्मदर्ताको अधिकार**

(१) प्रत्येक बालबालिकाको जन्मदर्ता गरिनुपर्नेछ।

(२) गाउँपालिकाले जन्मदर्ता शतप्रतिशत सुनिश्चित गर्नेछ।

**दफा ५. शिक्षा सम्बन्धी अधिकार**

(१) प्रत्येक बालबालिकाले आधारभूत शिक्षा निःशुल्क र अनिवार्य रूपमा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालय भर्ना गरिनेछ।

**दफा ६. स्वास्थ्य तथा पोषणको अधिकार**

(१) प्रत्येक बालबालिकाले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) गाउँपालिकाले पोषण सुधार कार्यक्रम सञ्चालन गर्नेछ।

**दफा ७. सहभागिताको अधिकार**

बालबालिकालाई आफ्नो विचार व्यक्त गर्न, सुन्न र निर्णय प्रक्रियामा सहभागी हुन अवसर प्रदान गरिनेछ।

**दफा ८. संरक्षणको अधिकार**

बालबालिकालाई सबै प्रकारका हिंसा, दुर्व्यवहार, उपेक्षा तथा शोषणबाट संरक्षण गरिनेछ।

## परिच्छेद—३

## बाल संरक्षण सम्बन्धी व्यवस्था

**दफा ९. बाल संरक्षण प्रणाली**

गाउँपालिकाले एकीकृत बाल संरक्षण प्रणाली विकास तथा सञ्चालन गर्नेछ।

**दफा १०. बालविवाह निषेध**

(१) बालविवाह गराउनु वा गराउन सहयोग गर्नु दण्डनीय हुनेछ।

(२) बालविवाहको सूचना प्राप्त भएमा तत्काल सो विवाह रोक्न पहल गरिनेछ ।

**दफा ११. बालश्रम निषेध**

(१) बालबालिकालाई श्रममा लगाउन पाइने छैन।

(२) जोखिमपूर्ण श्रममा बालबालिकालाई संलग्न गराउन पूर्ण प्रतिबन्ध हुनेछ।

**दफा १२. हिंसा तथा दुर्व्यवहार निषेध**

बालबालिकामाथि शारीरिक, मानसिक, यौनजन्य वा भावनात्मक हिंसा गर्न पाइने छैन।

**दफा १३. बेचबिखन तथा ओसारपसार निषेध**

बालबालिकाको बेचबिखन, ओसारपसार तथा शोषणजन्य गतिविधि पूर्ण रूपमा निषेध हुनेछ।

## परिच्छेद—४

## जोखिममा रहेका बालबालिकाको संरक्षण

**दफा १४. विशेष संरक्षण**

निम्न बालबालिकालाई विशेष संरक्षण प्रदान गरिनेछः

(क) अभिभावक विहीन बालबालिका

(ख) सडक बालबालिका

(ग) अपाङ्गता भएका बालबालिका

(घ) द्वन्द्व प्रभावित बालबालिका

(ङ) बालश्रममा संलग्न बालबालिका

(च) हिंसा पीडित बालबालिका

**दफा १५. उद्धार तथा पुनर्स्थापना**

(१) जोखिममा रहेका बालबालिकाको उद्धार गरिनेछ।

(२) आवश्यकताअनुसार पुनर्स्थापना तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ।

## परिच्छेद—५

## बाल क्लब तथा बाल सञ्जाल

**दफा १६. बाल क्लब गठन**

विद्यालय तथा समुदाय स्तरमा बाल क्लब गठन गर्न सकिनेछ।

**दफा १७. बाल क्लबको कार्य**

बाल क्लबले देहायका कार्य गर्नेछ—

(क) बालअधिकार सचेतना

(ख) बाल संरक्षण अभियान

(ग) बाल सहभागिता प्रवर्द्धन

(घ) बालमैत्री वातावरण निर्माण

**दफा १८. बाल सञ्जाल**

गाउँपालिका स्तरमा बाल सञ्जाल गठन गर्न सकिनेछ।

## परिच्छेद—६

## बालमैत्री स्थानीय शासन

**दफा १९. बालमैत्री स्थानीय शासन**

गाउँपालिकाले बालमैत्री स्थानीय शासनको मापदण्ड कार्यान्वयन गर्नेछ।

**दफा २०. बालमैत्री पूर्वाधार**

विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक संरचनाहरू बालमैत्री बनाइनेछन्।

**दफा २१. बाल सहभागिता**

योजना तर्जुमा, बजेट तथा कार्यक्रम निर्माणमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ।

## परिच्छेद—७

## स्थानीय बाल अधिकार समिति

**दफा २२. समिति गठन**

गाउँपालिकामा स्थानीय बाल अधिकार समिति गठन गरिनेछ।

**दफा २३. समितिको संरचना**

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) वडा अध्यक्षहरूमध्ये एक जना — सदस्य

(ङ) शिक्षा शाखा प्रमुख — सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख — सदस्य

(छ) प्रहरी प्रतिनिधि — सदस्य

(ज) बाल प्रतिनिधि — सदस्य

(झ) महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य सचिव

**दफा २४. समितिको काम, कर्तव्य र अधिकार**

समितिले—

(क) बाल संरक्षण योजना स्वीकृत गर्ने,

(ख) बालअधिकार उल्लंघनका घटना अनुगमन गर्ने,

(ग) उद्धार तथा पुनर्स्थापनामा समन्वय गर्ने,

(घ) बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने।

## परिच्छेद—८
## बाल संरक्षण कोष

**दफा २५. कोष स्थापना**

गाउँपालिकामा “बाल संरक्षण कोष” स्थापना गरिनेछ।

**दफा २६. कोषको स्रोत**

(क) गाउँपालिकाको बजेट

(ख) संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ग) विकास साझेदारको सहयोग

(घ) दान, उपहार तथा सहयोग

**दफा २७. कोषको उपयोग**

कोषको रकम देहायका कार्यमा खर्च गरिनेछ—

(क) उद्धार

(ख) उपचार

(ग) पुनर्स्थापना

(घ) छात्रवृत्ति

(ङ) आपत्कालीन सहयोग

परिच्छेद—९

## बालमैत्री योजना तथा बजेट

**दफा २८. बालमैत्री बजेट**

गाउँपालिकाले वार्षिक बजेटमा बालबालिका लक्षित कार्यक्रम समावेश गर्नेछ।

**दफा २९. बाल प्रभाव मूल्याङ्कन**

बालबालिकामा प्रभाव पार्ने योजना तथा कार्यक्रमको मूल्याङ्कन गरिनेछ।

परिच्छेद—१०

## अनुगमन तथा प्रतिवेदन

**दफा ३०. अनुगमन**

गाउँपालिकाले बालअधिकार सम्बन्धी कार्यक्रमको नियमित अनुगमन गर्नेछ।

**दफा ३१. प्रतिवेदन**

प्रत्येक आर्थिक वर्षमा बालअधिकार सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरिनेछ।

परिच्छेद—११

## कसुर तथा सजाय

**दफा ३२. कसुर**

देहायका कार्य कसुर मानिनेछन्—

(क) बालविवाह

(ख) बालश्रम

(ग) बाल यौन दुर्व्यवहार

(घ) बाल बेचबिखन

(ङ) बालमाथि हिंसा

**दफा ३३. सजाय**

यस ऐन अन्तर्गतका कसुरमा प्रचलित संघीय कानून बमोजिम कारबाही हुनेछ।

**दफा ३४. क्षतिपूर्ति**

पीडित बालबालिकालाई आवश्यक क्षतिपूर्ति तथा पुनर्स्थापना सेवा उपलब्ध गराइनेछ।

परिच्छेद—१२

## विविध

**दफा ३५. नियम बनाउने अधिकार**

यस ऐनको कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

दफा ३६. बाधा अड्काउ फुकाउने अधिकार

यस ऐन कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

दफा ३७. बचाउ

यस ऐनमा उल्लेख नभएका विषयमा प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ।

दफा ३८. खारेजी तथा बचाउ

यस ऐनसँग बाझिने पूर्व व्यवस्था स्वतः खारेज भएको मानिनेछ।यस अघि गरेका बालबालिका सम्बन्धित कामहरु यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

अनुसूची—१

बाल संरक्षण सेवा प्रवाह संरचना

वडा बाल अधिकार समिति → स्थानीय बाल अधिकार समिति → गाउँ कार्यपालिका → सम्बन्धित निकाय

अनुसूची—२

बालअधिकारका मुख्य क्षेत्र

१.बालबचाउ

२.बालविकास

३.बालसंरक्षण

४. बाल सहभागिता

आज्ञाले,

नवराज भण्डारी

प्रमुख प्रशासकीय अधिकृत